# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड ४ मण्डनदेउपुर, असोज १ गते, २०७७ साल संख्या ३


# भाग २

## मण्डनदेउपुर नगरपालिका

# “मण्डनदेउपुर शिक्षा नियमावली, २०७४” मा संशोधन

नगर कार्यपालिकाबाट पारित मितिः २०७७।०५।२६
प्रमाणित मितिः २०७७।०५।३१

**प्रस्तावना**

**“मण्डनदेउपुर शिक्षा नियमावली, २०७४”** लाई संशोधन गर्न वाञ्छनीय भएकोले मण्डनदेउपुर नगर कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरि देहायका नियमहरु बनाएको छ :

**१. संक्षिप्त नाम र परिभाषा :** (१) यो नियमको नाम **“मण्डनदेउपुर शिक्षा नियमावली** (दोस्रो संशोधन), २०७७” रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **“मण्डनदेउपुर शिक्षा नियमावली २०७४”** (यस पछि मूल नियमावली भनिएको) को

**क) परिच्छेद ९ को नियम ५४ मा संशोधन**

मुल नियमावलीको नियम ५४ को उपनियम (४) पछि देहाय अनुसार नियम ५४.क. थप गरिएको छ :

(१) नियम ५४ मा जुनसुकै व्यवस्था भए पनि नगरपालिकाले आफ्नै आन्तरिक स्रोतबाट तलबभत्ता खाने गरी स्वीकृत गरेको दरवन्दी तथा अनुदानमा शिक्षक पदपूर्ति गर्दा रिक्त रहेका सम्पूर्ण दरवन्दी तथा अनुदानहरुमा शिक्षक नियुक्तिका लागि नगरपालिकाले अलग्गै परीक्षा सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१)अनुसार परीक्षा सञ्चालन गरी शिक्षक नियुक्तिका लागि सिफारिस गर्न देहाय अनुसारको नगरस्तरीय शिक्षक छनौट परीक्षा व्यवस्थापन समिति गठन गर्न सकिनेछ :

(क) स्नातकोत्तर तहको योग्यता पूरा भएका शिक्षाप्रेमी, समाजसेवी तथा शिक्षा क्षेत्रमा अनुभव भएका व्यक्तिहरु मध्येबाट नगर शिक्षा समितिका अध्यक्षले मनोनित गरेको व्यक्ति - **अध्यक्ष**

(ख) शिक्षा क्षेत्रमा अधिकृत स्तरको पदमा वा मावि तहको शिक्षकमा कम्तीमा १ (एक) बर्षको अनुभव हासिल गरेका व्यक्तिहरु मध्येबाट शिक्षा शाखा प्रमुखले मनोनित गरेको व्यक्ति **-सदस्य**

(ग) शिक्षा शाखाका शाखा अधिकृत वा विनि वा सो काम गर्न तोकिएको कर्मचारी **-सदस्य सचिव**

(३) उपनियम (२) बमोजिम गठन भएको शिक्षक छनौट परीक्षा व्यवस्थापन समितिले नगरपालिकाबाट सिर्जना भएका रिक्त दरवन्दी तथा अनुदानहरुका लागि रिक्त दरवन्दी संख्या एकिन गरी विज्ञापन प्रकाशन गरी परीक्षा सञ्चालन गर्नेछ ।

)४) उप नियम (३) अनुसार सञ्चालित परीक्षाबाट आवश्यक संख्यामा उमेदवारहरु छनौट गरी शिक्षक नियुक्तिका लागि नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

(५) उप नियम (४) अनुसार सिफारिस भएका उम्मेदवारहरुलाई नगरपालिकाको कार्यालयले नियुक्तिका लागि बिद्यालयहरुमा पठाउनेछ । यसरी पठाइएका शिक्षकहरुलाई नियुक्ति गरी काममा लगाउने जिम्मेवारी सम्बन्धित बिद्यालयको हुनेछ ।

(६) शिक्षक छनौट परीक्षा व्यवस्थापन समितिले परीक्षा सञ्चालन सम्वन्धी अन्य आवश्यक व्यवस्था, मापदण्ड तथा कार्यविधि आफैले तय गर्नेछ ।

(७) समितिले आवश्यकता अनुसार विज्ञहरुको ब्यवस्था गरी परीक्षा सम्बन्धिका कामहरुमा लगाउन सक्नेछ । समितिको बैठकमा समेत आवश्यक ब्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

आज्ञाले,
प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत